

पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक १६ गते सोमबार ❑ 2 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

कास्कीमा नेकपाको राष्ट्रिय जागरण अभियान कार्तिक २७ देखि

पोखरापत्र संवाददाता

पोखरा, १५ कार्तिक



नेपाली कम्युनिस्ट पार्टी (नेकपा) कास्कीले पार्टीको संगठन सुदृढीकरण र गुमेको जनविश्वास पुनःस्थापित गर्ने लक्ष्यसहित जिल्लामा राष्ट्रिय जागरण अभियान सञ्चालन गर्ने भएको छ । कार्तिक २७ गतेदेखि सुरु हुने अभियान जिल्लाका सातवटै कमाण्डमा सञ्चालन गरिने नेकपा कास्कीले जनाएको छ ।

नेकपाले अभियानमार्फत पार्टीको पुरानो जनआधार फर्काउने, संगठनलाई चलायमान बनाउने र आगामी स्थानीय तह निर्वाचनका लागि पार्टीलाई तयार पार्ने रणनीति लिएको नेकपा कास्कीका संयोजक रामजीप्रसाद बराल 'जीवन'ले बताउनु भयो । अभियानमा स्थानीय नेताहरूले नेतृत्व गर्नुहुने भएको छ भने पार्टीका सबै जनवर्गीय संगठनलाई परिचालन गरिने उहाँले जनाउनु भयो । पार्टीप्रति निष्क्रिय रहेका सदस्यलाई पुनः संगठनमा जोड्ने तथा नयाँ पुस्तासहित विभिन्न समुदायका नागरिकलाई पार्टीमा आकर्षित गर्ने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको संयोजक बरालले जनाउनु भयो । 'पार्टीको संगठनलाई पुनः बलियो बनाउँदै जनतासँगको सम्बन्ध स्थापित गर्न अभियान सञ्चालन गर्न लागेका हौं । सात हजार सदस्यता नवीकरण गर्ने र एक हजार नयाँ सदस्य थप्ने लक्ष्य राखेका छौं,' बरालले भन्नुभयो, 'अभियानलाई आगामी स्थानीय तह निर्वाचनको तयारीका रूपमा पनि अघि बढाइनेछ ।'

यसैबिच, नेकपा कास्कीको सो अभियानको आईतबार नेकपाका गण्डकी प्रदेश ईञ्चार्ज देवेन्द्र पौडेलले शुभारम्भ गर्नु भएको हो । उहाँले 'चुपचाप घण्टीछाप'को भ्रमबाट मुक्त बनाउन अभियान सार्थक हुने विस्वास व्यक्त गर्नुभयो । संविधान र व्यवस्थाको रक्षाका लागि पनि नेकपासहित पुराना पार्टीहरु पुनःजागृत हुन जरुरी रहेको बताउनु भयो । नेकपा गण्डकीका सहईञ्चार्ज श्रीनाथ बरालले निरकुंश घण्टी सरकारबाट देश र जनालाई मुक्त गर्न नेकपामा जागरण आवश्यक रहेको बताउदै पुराना लोकतान्त्रिक पार्टीको विकल्प वर्तमान घण्टी सरकार र उसको पार्टी हुन नसक्ने बताउनु भयो । नेकपा कास्कीका पूर्व ईञ्चार्ज राजकाजी गुरुङले हिजो भएका कमीकमजोरी सुधार्दै पार्टीलाई सुदृढ बनाउनु यो अभियानको मुख्य उद्धेश्य रहेको बताउनु भयो । कास्की सहईञ्चार्ज तेजकुमारी पौडेलले संकटमा फसेको देशलाई उन्मुक्ति गराई सरकारले गरेका गलत कदम र कामकारवाहीको भण्डाफोर गर्न आवश्यक भएको बताउनु भयो ।

अभियानअन्तर्गत जिल्लाका सातवटै कमाण्डमा स्थानीय नेताहरूको नेतृत्वमा पार्टीका नेता तथा कार्यकर्ता परिचालन हुनेछन् । उहाँहरुले गाउँ, टोल र बस्तीस्तरसम्म पुगेर नागरिकसँग भेटघाट, छलफल तथा अन्तर्क्रिया गर्नेछन् । साथै, विभिन्न संघसंस्था, क्लब, आमा समूह, सामाजिक संस्था तथा समुदायसँग सम्बन्ध विस्तार गर्ने कार्यक्रमसमेत सञ्चालन गरिनेछ । यसअघि नेकपा कास्कीले जिल्लामा करिब १२ हजार संगठित सदस्य रहेको दाबी गर्दै आएको थियो । तर पछिल्लो राजनीतिक घटनाक्रमपछि सदस्यता नवीकरण गर्नेको संख्या घटेर करिब दुई हजारमा सीमित भएको पार्टी स्रोतले जनाएको थियो । संगठनमा देखिएको यही शिथिलता अन्त्य गर्दै पुरानो संगठनात्मक अवस्था फर्काउने अभियानको प्रमुख उद्देश्य रहेको नेताहरूको भनाइ छ ।

कुनै समय कास्कीलाई तत्कालीन माओवादीको बलियो जनाधार भएको जिल्लाका रूपमा चिनिन्थ्यो । २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा कास्कीका चार निर्वाचन क्षेत्रमध्ये तीन क्षेत्रमा तत्कालीन माओवादीले जित हासिल गरेको थियो । तर त्यसपछिका निर्वाचनमा पार्टीको जनमत क्रमशः कमजोर हुँदै गएको थियो । पछिल्लो निर्वाचनसम्म आइपुग्दा पार्टीले अपेक्षित मतसमेत प्राप्त गर्न नसकेपछि संगठन पुनर्गठन र जनतासँगको सम्बन्ध सुधारलाई प्राथमिकतामा राखेको छ । राष्ट्रिय जागरण अभियानलाई पार्टीको आत्मसमीक्षा, रूपान्तरण र संगठन पुनर्निर्माणको अवसरका रूपमा समेत लिइएको छ ।

लोकतान्त्रिक मूल्य र मान्यताविपरीत हुने कुनै पनि गतिविधि कांग्रेसलाई स्वीकार्य हुँदैन्: सभापति थापा

रासस

काठमाडौं, १५ कार्तिक



नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लोकतान्त्रिक मूल्य र मान्यताविपरीत हुने कुनै पनि गतिविधि कांग्रेसलाई स्वीकार्य नहुने बताउनुभएको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा आइतबार आयोजित 'प्रतिपक्षको निगरानी कार्यक्रम'लाई सम्बोधन गर्नुहुँदै सभापति थापाले लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिकका मौलिक अधिकारलाई सम्मान गर्दै सुशासन कायम गर्न सकिने बताउनुभएको हो । "सरकारलाई जवाफदेही बनाउन र लोकतान्त्रिक व्यवस्थाका आधारभूत मान्यताको संरक्षण गर्नु प्रतिपक्षको दायित्व हो, कांग्रेसले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छ, लोकतन्त्र, नागरिकको मौलिक हक र प्रेस स्वतन्त्रताको विषयमा सरकारले ध्यान दिनुपर्छ, हामी सरकारलाई जवाफदेही बनाउन तथा लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणका लागि सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छौं", सभापति थापाले भन्नुभयो । सभापति थापाले सञ्चारमाध्यममा प्रहरी परिचालन गरी पत्रकार पक्राउ गरिएको घटनालाई गम्भीर रूपमा लिनुपर्ने बताउँदै सञ्चारगृहमा प्रहरी प्रवेश हुनु सकारात्मक नभएको धारणा राख्नुभयो । सञ्चारमाध्यममा प्रहरी परिचालन र पत्रकार पक्राउको घटनाले प्रेस स्वतन्त्रता तथा लोकतान्त्रिक अभ्यासमाथि प्रश्न उठाएको भन्दै उहाँले त्यसमा प्रहरीका तर्फबाट आएका फरकफरक वक्तव्य र प्रधानमन्त्रीको सचिवालयबाट सार्वजनिक गरिएका धारणाले झन अन्योल सिर्जना गरेको बताउनुभयो । सभापति थापाले घटनालाई सामान्य वक्तव्य जारी गरेर टुङ्ग्याउन नहुने भन्दै त्यसको वास्तविकता सार्वजनिक गर्न सरकारसँग माग गर्नुभयो । उहाँले सरकारको अधिकार कानुनबाट निर्देशित हुनुपर्ने भन्दै राज्य सञ्चालनमा व्यक्तिगत इच्छा र आदेशलाई कानुनभन्दा माथि राख्ने प्रवृत्ति लोकतन्त्रका लागि खतरनाक हुने बताउनुभयो । कानुनी शासनमा राज्यका सबै निकाय संविधान र कानुनअनुसार सञ्चालन हुनुपर्ने उल्लेख गर्दै उहाँले शक्तिको स्वेच्छाचारी प्रयोग स्वीकार्य नहुने बताउनुभयो ।

"सरकारको अधिकार

बाँकी अन्तिम पृष्ठमा ▶▶

गृहमन्त्री गुरुङसँग रास्वपा नेता र स्थानीयको छलफल

पोखरापत्र संवाददाता

तनहुँ, १५ कार्तिक

गृहमन्त्री सुधन गुरुङले तनहुँको आबुखैरेनीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता तथा स्थानीयसँग समसामयिक विषयमा छलफल गर्नुभएको छ ।

आइतबार भएको छलफलमा स्थानीयका समस्या, जिल्लाको शान्तिसुरक्षा, अनलाइन ठगी तथा विपद्मा परेका नागरिकका विषयमा कुराकानी भएको रास्वपा नेता वासु पन्तले जानकारी दिनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

आन्तरिक राजस्व बढाउन गण्डकीमा छुट्टै कार्यालय स्थापना

पोखरापत्र संवाददाता

पोखरा, १५ कार्तिक

गण्डकी प्रदेश सरकारले आन्तरिक राजस्व सङ्कलन बढाउन, राजस्व प्रशासनलाई व्यवस्थित गर्न र राजस्व सङ्कलन गर्ने निकायबीच समन्वय गर्न आर्थिक मामिला मन्त्रालयअन्तर्गत राजस्व व्यवस्थापन कार्यालय स्थापना गरेको छ ।

कार्यालयले सोमबारदेखि औपचारिक रूपमा सेवा प्रवाह सुरु गर्ने मन्त्रालयका प्रवक्ता उपसचिव गुमादेवी शर्माले जानकारी दिनुभयो । मन्त्रालय परिसरमै रहेको भवनबाट कार्यालय सञ्चालन हुनेछ ।

कार्यालयले घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयकर, सेवा शुल्क, दस्तुर तथा दण्डजरिवानालगायत प्रदेशको अधिकार क्षेत्रभित्रका राजस्व सङ्कलन र व्यवस्थापनमा सहजीकरण गर्नेछ ।

साथै, करदाता विवरण व्यवस्थापन, राजस्व चुहावट नियन्त्रण, राजस्व सम्भाव्यता अध्ययन, स्थानीय तहसँग समन्वय र राजस्व प्रक्षेपणमा सहयोग गर्ने जिम्मेवारी पनि कार्यालयलाई दिइएको छ ।

मन्त्रालयका राजस्व व्यवस्थापन महाशाखा र प्रदेश लेखा नियन्त्रक कार्यालयका कर्मचारीबाटै जनशक्ति व्यवस्थापन गरिएकाले थप आर्थिक भार नपर्ने जनाइएको छ । आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले प्रदेशभित्र राजस्व सङ्कलन गर्ने निकायबीच समन्वय गर्नु कार्यालयको मुख्य जिम्मेवारी हुने बताउनुभयो । प्रदेश सरकारले लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न नसकेको उल्लेख गर्दै उहाँले आर्थिक ऐनले तोकेका सबै क्षेत्रलाई राजस्वको दायरामा ल्याउन कार्यालयले सहजीकरण गर्ने बताउनुभयो ।

राजस्वसम्बन्धी नीतिगत काम मन्त्रालय र कार्यान्वयनको जिम्मेवारी कार्यालयलाई दिने गरी कार्यविभाजन गरिएको मन्त्री शेरचनको भनाइ छ । कार्यालय स्थापनाले प्रदेशको आन्तरिक राजस्व वृद्धि हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो ।

दुर्घटनामा एक जनाको मृत्यु, चार घाइते

पोखरापत्र संवाददाता

स्याङ्जा, १५ कार्तिक

स्याङ्जाको वालिङमा आइतबार ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

पर्वतको हुवासबाट वालिङतर्फ आउँदै गरेको ग १ त ५७६९ नम्बरको ट्याक्टर दुर्घटना हुँदा त्यसमा सवार वालिङ नगरपालिका-१० का ६१ वर्षीय नन्दलाल बुढा मगरको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी रमेशदत्त अवस्थीका अनुसार ट्याक्टर दुर्घटनामा परी घाइते भएका बुढामगरको गह्रौं प्राथमिक अस्पताल वालिङमा उपचारकाक्रममा मृत्यु भएको हो ।


दुर्घटनामा ट्याक्टरमा सवार अन्य चार जना घाइते भएका छन् । दुर्घटनामा परी घाइते हुनेहरुमा ट्याक्टर चालक दाङको शान्तिनगर गाउँपालिका-१ का ३७ वर्षीय धनवीर पुन मगर, पर्वत जिल्ला घर भई हाल वालिङ-१० बस्ने ४३ वर्षीय प्रेम राना मगर, वालिङ-१० बस्ने २० वर्षीय सुलभ परियार र वालिङ-१० कै ४६ वर्षीय झकबहादुर थापा रहेका छन् । घाइतेहरुमध्ये प्रेम राना मगरको अवस्था गम्भीर छ भने अन्यको अवस्था मध्यम रहेको अस्पतालले जनाएको छ । वडा प्रहरी कार्यालय वालिङबाट गएको प्रहरी टोलीले दुर्घटनाको सम्बन्धमा थप अनुसन्धान थालेको छ ।

विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुठा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



हिमालयको रक्तदानमा ५१ युनिट संकलन, विभिन्न व्यक्ति सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १५ कार्तिक

पोखराको बाटुलेचौरमा आयोजित रक्तदान कार्यक्रमबाट ५१ युनिट रगत संकलन भएको छ।

सामाजिक क्षेत्रमा अग्रणी संस्था हिमालय क्लबले ३० औं स्थापना दिवसको अवसर पारेर आयोजना गरेको कार्यक्रमको प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतमले पहिलो रक्तदाता तिलक थापालाई ब्लड व्याग हस्तान्तरण गरी उद्घाटन गरेकी थिईन् । प्रादेशिक रक्त संचार केन्द्र, पोखराको प्राविधिक सहयोगमा भएको कार्यक्रममा पहिलो पटक रक्तदान गर्ने रक्तदाताको उल्लेखनिय सहभागिता रहेको क्लबले जनाएको छ ।सोही अवसरमा क्लबले संचालन गरेको पवित्र प्रेमनारायण स्मृति शैक्षिक पुरस्कार, विन्ध्यवासिनी माविका मिलन रिमाल र अञ्जली रानालाई प्रदान गरिएको छ । त्यस्तै स्वर्गीय सावित्री लिलाधर स्मृति कृषक प्रोत्साहन पुरस्कार, बस्नेत कृषि फर्मका कृषक प्रेमबहादुर बस्नेत तथा श्रीकली केसी र सुकमाया



विकलाई एकल महिला सम्मान प्रदान गरिएको कार्यक्रम संयोजक प्रकाश थापाले जानकारी दिए । उनीहरुलाई जनही नगद ५ हजार, सल र प्रमाणपत्र प्रदान गरिएको थियो । सो पुरस्कार तथा सम्मान कार्यक्रमका प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतम, क्लबका मानार्थ सदस्य कुमार खड्का,पुर्व प्रदेश सभा सदस्य प्रभा कोईराला, सल्लाहकार राजेन्द्र देवकोटा, दुर्गा केसी थापा, नेपाल रेडक्रस सोसाईटी, कास्कीका सदस्य सुवासबाबु अधिकारी, विन्ध्यवासिनी मा.विका प्रधानाध्यापक कृष्णप्रसाद आचार्य, कृषक पुरस्कारका संस्थापक कृष्णप्रसाद अधिकारी, मातृशिशु मितेरी अस्पताल व्यवस्थापन समितिका पुर्व अध्यक्ष धर्मराज थापा, क्लबका पुर्व अध्यक्ष जीवनारायण श्रेष्ठ, सुन्दर थापालगायतले प्रदान गरे ।शैक्षिक पुरस्कार पोखराका युवा व्यवसायी गणेशबहादुर थापा र कृषक प्रोत्साहन पुरस्कार नेतृ प्रभा कोईराला र समाजसेवी कृष्णप्रसाद अधिकारीले स्थापना गरेका हुन् । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गौतमले समाजको रुपान्तरण र विकासका लागि सामाजिक संघ संस्थाले खेलेको भुमिका महत्वपुर्ण रहेको बताईन् । उनले देशमा उत्पन्न विषम परिस्थितीले आर्थिक क्षेत्र चलायमान हुन नसकेको बताउँदै, सामाजिक कार्यका लागि यस्ता संघ संस्थासँग सहकार्य गर्न संघ तयार रहेको स्पष्ट पारिन् । नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखेले समाज विकासको मुख्य आधार भनेकै सामाजिक संघ संस्था रहेको बताए ।क्लबका अध्यक्ष मोहन थापाले चाडपर्वको लामो विदामा रगतको अभाव भईरहेको बेला यसले राहत पुग्ने विश्वास व्यक्त गरे । क्लबका दितीय उपाध्यक्ष एवं कार्यक्रम संयोजक प्रकाश थापाको अध्यक्षतामा भएको कार्यक्रममा पुर्व प्रदेश सभा सदस्य प्रभा कोईराला, मानार्थ सदस्य कुमार खड्का, क्लबका संस्थापक अध्यक्ष तीर्थ तामाङलगायतले क्लबले गरेका गतिबिधिको प्रशंसा गरेका थिए ।कार्यक्रममा क्लबका मानार्थ सदस्य स्वर्गीय ले.क सोमनाथ शर्माकी धर्मपत्नी गीतादेवी शर्माले नगद १० हजार सहयोग प्रदान गरिन् । क्लबका सचिव तुलबहादुर बस्नेत र सुचना अधिकारी शिवराज देवकोटाले संचालन गरेको कार्यक्रममा मिलिजुली भजन समुहले भजन प्रस्तुत र बिभिन्न जातिय संघ संस्थाले भेषभुषा प्रदर्शन गरेका थिए।

शुक्ला साहित्य प्रतिष्ठानद्वारा बिभिन्न पुरस्कार घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १५ कार्तिक

संगीत साधक पुर्ण नेपालीलाई यस बर्षको शुक्ला साहित्य राष्ट्रिय पुरस्कार प्रदान गरिने भएको छ।

शुक्ला साहित्य प्रतिष्ठान, पोखराले स्थापना गरेको सो पुरस्कार पोखरेली सर्जक नेपालीलाई गीत संगीतको क्षेत्रमा पुर्याएको योगदानको कदर स्वरुप प्रदान गर्न लागिएको आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिईएको हो । प्रत्येक दुई दुई बर्षमा नेपाली लोक साहित्य र संगीतमा योगदान पुर्याउने स्रष्टालाई नगद ५५ हजार ५५५, सम्मानपत्र र दोशल्ला प्रदान गरिने प्रतिष्ठानले जनाएको छ।

संस्थाद्वारा संचालित अन्य पुरस्कारका सम्मानित स्रष्टाको पनि घोषण गरिएको छ । चेतबहादुर बरुवाल स्मृति लोक साहित्य पुरस्कार संस्कृतिकर्मि सुनिल उलक र शुक्ला बाल साहित्य गौरव पुरस्कार कवि दिनेश बस्नेतलाई प्रदान गरिने सचिव रामप्रसाद पौडेलले जानकारी दिए । लोक साहित्य पुरस्कारको राशी नगद १५ हजार ५५५, सम्मानपत्र र दोशल्ला छ भने बाल साहित्य पुरस्कारको राशी नगद ११ हजार १११ साथमा दोशल्ला र सम्मानत्र प्रदान गरिनेछ । त्यस्तै प्रतिष्ठानद्वारा संचालित मदनचन्द्रा साहित्य समाजसेवा पुरस्कार समाजसेवी स्वर्गीय गोविन्दबहादुर खत्री क्षेत्रीलाई मरणोप्रान्त प्रदान गरिने जनाईएको छ । मंसिर २० गते प्रदान गरिने पुरस्कारको राशी नगद २५ हजार ५५५, सम्मानपत्र र दोशल्ला रहेको छ। अन्य पुरस्कार भने प्रतिष्ठानको स्थापना दिवसका अवसरमा कार्तिक २२ गते अर्पण गरिने संस्थाका अध्यक्ष दुर्गादेवी बस्नेत गौतमले जानकारी दिईन्। संस्कृतिकर्मि एवं प्रतिष्ठानका पुर्व अध्यक्ष रामबहादुर बानियाँ र कुलबहादुर खत्रीको संयोकत्वमा गठित समितिले स्रष्टा छनोट गरेको हो। समितिले गरेको सिफारिसलाई प्रतिष्ठानले अनुमोदन गरी नाम सार्वजनिक गरिएको हो। पत्रकार सम्मेलनमा बोल्दै स्रष्टा छनोट समितिका संयोजक बानियाँले पुरस्कार छनोटको कार्यविधि अनुसार नै स्रष्टा छनोट गरिएको बताए । उनले नेपाली कला, साहित्य र संगीतको क्षेत्रमा आफ्नो जीवन नै व्यतित गरेका व्यक्तिहरुलाई नै थप प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न लागिएको बताए । प्रतिष्ठानका अध्यक्ष गौतमले स्थापनाकाल देखि नै संस्थाले लोक साहित्यको श्रीवृद्धि गर्दै आईरहेको बताउँदै, यसको विकासमा पुस्तान्तरणको अवधारणा समेत अघि सारेको प्रष्ट पारिन्। उनले घोषित स्रष्टाको सम्मानले प्रतिष्ठान नै सम्मानित हुने विश्वास व्यक्त गरिन्। सो अवसरमा प्रतिष्ठानले थप २ वटा पुरस्कारको कार्यविधि निर्माण गरिरहेको जानकारी दिईयो । प्रतिष्ठानले संचालन गर्ने गरी ज्ञानु नरहरि साहित्य पुरस्कार र सावित्रि धर्मराज नारी प्रतिभा पुरस्कारको तयारी भईरहेको सहसचिव संजय थापाले जानकारी दिए । उनका अनुसार प्रतिष्ठानले छिट्टै साहित्यिक पत्रकारिता पुरस्कार स्थापना गर्ने तयारी समेत गरिरहेको छ।

प्रतिष्ठानका अध्यक्ष गौतमको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सहसचिव संजय थापाले गरेका थिए । प्रतिष्ठानले यही कार्तिक २२ गते बिभिन्न कार्यक्रमका बिच ३८ औं स्थापना दिवस मनाउने तयारी गरेको छ।

नेपाली कांग्रेस कास्की क्षेत्र नम्बर १ ले सुत्केरीलाई लोकल कुखुराको भाले, शिशुलाई नयाँ कपडा दिने

पोखरापत्र संवाददाता
पोखरा, १५ कार्तिक

नेपाली कांग्रेस कास्की क्षेत्र नम्बर १ ले आर्थिक रूपमा विपन्न तथा दलित समुदायका सुत्केरी आमा र नवजात शिशुलाई लक्षित गरी एकवर्षे 'आमा-शिशु साथ अभियान' सञ्चालन गर्ने भएको छ । मातृ तथा शिशु पोषणमा सहयोग पुऱ्याउने र विपन्न परिवारलाई सुत्केरी अवस्थाको कठिन समयमा व्यावहारिक राहत उपलब्ध गराउने उद्देश्यले क्षेत्रीय समितिले यस्तो अभियान अघि सारेको हो।

क्षेत्रीय समितिको आज (आइतबार) बसेको बैठकले ३१ वर्षमुनिका आर्थिक रूपमा विपन्न तथा दलित समुदायका सुत्केरी आमा र नवजात शिशुलाई लक्षित गरी एक वर्षसम्म अभियान सञ्चालन गर्ने निर्णय गरेको नवनिर्वाचित क्षेत्रीय सभापति सरोज केसीले बताउनुभयो । अभियानअन्तर्गत बच्चा जन्मिएको ११ दिनभित्र सहयोगको आवश्यकता महसुस गरी सम्पर्क गर्ने लक्षित परिवारलाई वास्तविक आवश्यकता र उपलब्ध स्रोतका आधारमा सम्भव भएसम्म २४ घण्टाभित्र घरमा वा हस्पिटलमै पुगेर सहयोग उपलब्ध गराइने उहाँले बताउनु भयो । सुत्केरी आमाको पोषणका लागि स्थानीय लोकल कुखुराको एउटा भाले र नवजात शिशुका लागि मौसमअनुसार उपयुक्त दुईदेखि



तीन थान नयाँ कपडा उपलब्ध गराउने निर्णय उहाँले जनाउनु भयो।

नेपाली कांग्रेस कास्की क्षेत्र नम्बर १ का नवनिर्वाचित सभापति सरोज केसीले यो अभियानलाई पार्टीको राजनीतिक कार्यक्रमभन्दा माथि उठेर सञ्चालन गरिने विशुद्ध मानवीय सेवाको प्रयासका रूपमा हेर्न आग्रह गर्नु भएको छ।

उक्त अभियानको लाभ कांग्रेसका सदस्य तथा समर्थकले मात्रै नभई आवश्यकतामा रहेका सबै योग्य परिवारले लिन सक्नेछन भने यसमा सर्वजनिक गर्न नचाहेको खण्डमा समेत सहयोग गर्ने भएको केसीले जनाउनु भयो । केसीले सुत्केरी अवस्थामा आर्थिक अभावका कारण पोषण र नवजात शिशुको आधारभूत आवश्यकतामा समस्या भोगिरहेका परिवारलाई सानो सहयोगले पनि राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो । राजनीतिक दलहरूले निर्वाचन र राजनीतिक गतिविधिमा मात्रै सीमित नभई नागरिकको दुःखसुखमा समेत साथ दिनुपर्ने उहाँको धारणा छ।

अभियान सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत क्षेत्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको स्वैच्छिक योगदान र इच्छुक शुभेच्छुकहरूको सहयोगबाट जुटाइने भएको छ। सहयोग कार्यक्रमलाई पारदर्शी, निष्पक्ष र सेवामुखी बनाउन आवश्यक कार्यविधि तयार गरी सहयोग प्राप्त गर्ने परिवारको अभिलेख राख्ने तथा कार्यक्रमको नियमित समीक्षा गर्ने निर्णयसमेत बैठकले गरेको छ।

यसैबीच,नेपालीकांग्रेसकास्की क्षेत्र नम्बर १ मा नवनिर्वाचित क्षेत्रीय तथा प्रदेशसभा समितिका पदाधिकारीको पदस्थापन तथा शपथग्रहण कार्यक्रम आइतबार सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै नेपाली कांग्रेसका नवनिर्वाचित महामन्त्री प्रदीप पौडेलले कांग्रेसलाई समयसापेक्ष विचार र कार्यशैलीसहित पुनः संगठित तथा बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।

पौडेलले पार्टीमा पद प्राप्त गर्नु मात्रै सफलता नभई प्राप्त जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्न सक्नु महत्वपूर्ण हुने बताउनु भयो । पदमा पुग्ने तर जिम्मेवारी बहन गर्न नसक्नु असफलता भएको उहाँको भनाइ थियो । कांग्रेसले आफ्नो संगठनलाई एकताबद्ध बनाउँदै लोकतान्त्रिक समाजवादको विचारलाई वर्तमान समय र समाजको आवश्यकताअनुसार अघि बढाउनुपर्ने पौडेलले बताउनु भयो। बीपी कोइरालाले प्रतिपादन गरेको विचारलाई समयअनुकूल परिमार्जन र कार्यान्वयन गर्दै जनतासँग जोडिनुपर्ने उहाँको धारणा थियो।

'हामी कमजोर हुनुपर्ने अवस्थामा छैनौं । समाजमा बहुविचार छन्। बीपीले दिनुभएको विचारलाई अब समयअनुसार अवलम्बन गर्नुपर्छ,' पौडेलले भन्नुभयो । कार्यक्रममा नवनिर्वाचित क्षेत्रीय सभापति सरोज केसीले कांग्रेसलाई संगठित, बलियो र एकताबद्ध बनाउनु अहिलेको प्रमुख आवश्यकता भएको बताउनु भयो।

गृहमन्त्री ...

छलफलका क्रममा स्थानीयले भोगिरहेका विभिन्न समस्या र समसामयिक विषयबारे गृहमन्त्री गुरुङको ध्यानाकर्षण गराइएको थियो।

विशेषगरी भोटेकोशी बाढीमा बेपत्ता भएकाहरूका परिवारले सरकारका तर्फबाट भइरहेका काम तथा पीडित परिवारका लागि चालिएका कदमबारे जिज्ञासा राखेका थिए।

विपद्मा परेका परिवारको अवस्था र उनीहरूका समस्याबारे स्थानीयले चासो व्यक्त गरेका थिए । त्यस्तै, तनहुँ जिल्लाको शान्तिसुरक्षाको अवस्था र पछिल्लो समय बढ्दो अनलाइन ठगीका विषयमा गृहमन्त्री गुरुङलाई जानकारी गराइएको थियो।

अनलाइन माध्यमबाट हुने ठगीका घटनाले सर्वसाधारणलाई पार्नसक्ने असर तथा यस्ता गतिविधि नियन्त्रण गर्न आवश्यक कदमबारे छलफल भएको पन्तले बताउनुभयो । छलफलका क्रममा आबुखैरेनीमा गत चैतमा करेन्ट लागेर हात काट्नुपरेका एक व्यक्तिले हालसम्म राहत नपाएको गुनासो उठेको थियो।

दुर्घटनाका कारण शारीरिक क्षति व्यहोर्नुपरेको अवस्थामा पनि राहत नपाएको विषय गृहमन्त्री गुरुङसमक्ष प्रस्तुत भएपछि उहाँले तत्काल चासो देखाउनुभएको थियो।

गृहमन्त्री गुरुङले उक्त विषयमा सम्बन्धित निकायबाट आवश्यक पहल गर्न प्रमुख जिल्ला अधिकारीलाई फोन गरेर राहत उपलब्ध गराउने प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिनुभएको थियो। पीडितले राहत नपाएको गुनासोपछि गृहमन्त्री गुरुङले सम्बन्धित प्रशासनिक अधिकारीलाई नै सम्पर्क गरी प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको हो।

कास्की आइडल-२ को गायनतर्फ अमृत र नृत्यतर्फ गौमाया विजेता

पोखरापत्र संवाददाता
पोखरा, १५ कार्तिक

गायनतर्फ अमृत गुरुङ र नृत्यतर्फ गौमाया गुरुङले 'कास्की आइडल सिजन-२' को उपाधि जितेका छन् । साँझ क्रिएसनको आयोजनामा कात्तिक १४ गते शनिबार पोखरा सभागृह हलमा सम्पन्न ग्रान्ड फिनालेमा उत्कृष्ट प्रस्तुति दिँदै दुवै विधातर्फ उनीहरू विजेता बन्न सफल भएका हुन्।

प्रतियोगिताको गायनतर्फ रहमान खान फर्स्ट रनरअप, इडिभा खत्रीवडा सेकेन्ड रनरअप र दिप्सन बगदास थर्ड रनरअप बनेका छन् । मनसा गुरुङले सान्त्वना स्थान प्राप्त गरेकी छन् । त्यसैगरी नृत्यतर्फ तृप्ति गुरुङ फर्स्ट रनरअप, सिम्रन थापा सेकेन्ड रनरअप र नोरा गुरुङ थर्ड रनरअप बनेका छन् भने स्मृति सुवेदीले सान्त्वना स्थान प्राप्त गरेकी छन्। प्रतियोगितामा गायन र नृत्य दुवै विधातर्फ प्रथम हुनेले जनही ६० हजार रुपैयाँ नगदसहित शिल्ड र प्रमाणपत्र प्राप्त गरेका छन्। त्यसैगरी द्वितीय हुनेले ४० हजार, तृतीय हुनेले २० हजार र सान्त्वना स्थान प्राप्त गर्नेले ५ हजार रुपैयाँ नगद पुरस्कारसहित शिल्ड तथा प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगितामा उत्कृष्ट १० भित्र पर्न सफल प्रतिभालाई राष्ट्रिय गीतमा अवसर प्रदान गर्ने आयोजकको योजना रहेको छ।

कास्की तथा आसपासका क्षेत्रमा रहेका नयाँ प्रतिभाको खोजी, पहिचान र प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा विभिन्न चरण पार गर्दै गायन र नृत्यतर्फका उत्कृष्ट प्रतियोगी ग्रान्ड फिनालेसम्म पुगेका थिए। अन्तिम प्रतिस्पर्धामा



प्रतियोगीहरूले आफ्नो गायन तथा नृत्य कला प्रस्तुत गरेका थिए । प्रतियोगिताको गायनतर्फ राजबहादुर गुरुङ र खेम लामाले निर्णायकको भूमिका निर्वाह गरेका थिए । त्यसैगरी नृत्यतर्फ सरिता धनकुटी र सुकमित गुरुङ निर्णायक रहेका थिए।

कार्यक्रम रूपा वाङ्मय प्रतिष्ठानका अध्यक्ष, गीतकार प्रतिष्ठानका कोषाध्यक्ष तथा कास्की आइडलका संयोजक आदर्श पोखरेलको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ गायक तथा संगीतकार रामभक्त जोजीजू रहनुभएको थियो । विशेष अतिथिमा ब्रिज इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सीका प्रमुख कार्यकारी अधिकृत भुवन गिरी तथा साथी खानेपानीका प्रोप्राइटर तथा निर्देशक विजय सुनार रहनुभएको थियो । त्यसैगरी अतिथिहरूमा जिल्ला समन्वय समिति कास्कीका सदस्य क्याप्टेन हर्कबहादुर गुरुङ, सिद्धार्थ समाजका अध्यक्ष टिकबहादुर गुरुङ, तमुधिँ रुपा गाउँपालिकाका अध्यक्ष गेसबहादुर गुरुङ र लमजुङ समाजका अध्यक्ष आशबहादुर गुरुङलगायतको उपस्थिति रहेको थियो । साथै विभिन्न क्षेत्रका व्यक्तित्व, कलाकार, साहित्यकार, शिक्षाविद्, व्यवसायी, सञ्चारकर्मी तथा प्रतियोगीका अभिभावकहरूको उपस्थिति रहेको थियो । कार्यक्रमका अवसरमा विश्वका शीर्ष २ प्रतिशत प्रभावशाली वैज्ञानिकको सूचीमा पर्न सफल युवा वैज्ञानिक डा. निरञ्जन कोइरालालाई साँझ क्रिएसनले विशेष सम्मान गरेको थियो । वैज्ञानिक तथा अनुसन्धानको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई सम्मान गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा प्राध्यापक डा. दीपमाला श्रेष्ठ गुरुङले स्वागत मन्तव्य राखेकी थिइन्। विभिन्न सांगीतिक तथा नृत्य प्रस्तुतिले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो । कार्यक्रमको सञ्चालन साँझ क्रिएसन्सका अध्यक्ष झलककुमार गुरुङ र साँझ क्रिएसन का सदस्य सुस्मिता बास्तोला ले गरेका थिए । स्थानीयस्तरमा लुकेर रहेका प्रतिभालाई पहिचान गरी उनीहरूलाई आफ्नो क्षमता प्रस्तुत गर्ने अवसर प्रदान गर्ने उद्देश्यले सुरु गरिएको कास्की आइडलको दोस्रो संस्करणले नयाँ कलाकारलाई अघि बढ्न थप हौसला र अवसर प्रदान गरेको छ। प्रतियोगिताका विजेता तथा उपविजेताहरूको सफलताले स्थानीय प्रतिभाको सम्भावना र मेहनतलाई समेत उजागर गरेको छ।

लोकतान्त्रिक ...

कानुनबाट निर्देशित हुनुपर्छ, सरकारमा बसेका व्यक्तिको इच्छा नै कानुन हो भन्ने सोच लोकतन्त्रमा स्वीकार्य हुन सक्दैन। राज्यका निकाय कसैका निजी आदेश पालना गर्ने संस्था होइनन्", सभापति थापाले भन्नुभयो । उहाँले सरकारको कामकारबाहीमा कानुनी प्रक्रिया, संस्थागत मर्यादा र नागरिक अधिकारको सम्मान अनिवार्य हुनुपर्ने बताउनुभयो । कानुनी शासनमा कसैले पनि कानुनभन्दा माथि रहेर काम गर्न नपाउने उल्लेख गर्दै सभापति थापाले सरकारका हरेक गतिविधि विधि र प्रक्रियासम्मत हुनुपर्नेमा जोड दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

सम्पादकीय

कांग्रेसले सरकारलाई दिएको सन्देश

संसदको प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेस सरकारका गलत कामको प्रतिवाद गर्ने भएको छापन्ध्रौं महाधिवेशन सम्पन्न गरेपछि नेपाली काङ्ग्रेसले पार्टीलाई सशक्त प्रतिपक्षी भूमिका देखाउने भएको छाराष्ट्रिय स्वतन्त्र पार्टीको सरकारका गलत कामको जमेर विरोध नगरेको काङ्ग्रेस प्रतिपक्षीमा अरु दललाई जिम्मा नदिने सन्देश दिएको छ । नेपाली कांग्रेसका सभापति गगन थापाले मुलुकलाई अहिले त्रासको नभई भरोसाको आवश्यकता रहेको बताउँदै सरकारलाई डर देखाएर नभई विश्वास जितेर शासन चलाउन चेतावनी दिएका छन् । पार्टी केन्द्रीय कार्यालय सानेपामा आइतबार पत्रकार सम्मेलन गर्दै सभापति थापाले सरकारले चारैतिर अस्तव्यस्तता र गज्जागोल सिर्जना गरेर सुधार गर्छ भन्ने सम्भव नहुने स्पष्ट पारेका छन । सुशासनका लागि सहयोग गर्न प्रतिपक्ष तयार रहँदा पनि सरकार भने प्रतिशोध र धरपकडमा मात्र केन्द्रित भएको थापाको आरोप छ ।

सरकारका सही काममा साथ दिने र गलत कामको प्रतिवाद गर्ने काम प्रतिपक्षीको हो । संसदमा शालीन विरोध गरेको काङ्ग्रेस सडकमा अझै आउन सकेको छैन । अन्य विपक्षी दल पनि आन्तरिक काममा अल्झेका छन । अहिले सरकारको प्रतिपक्षी पत्रकार र संचार माध्यम भएका छन । सरकार पत्रकारलाई आतंकित पार्ने काम गरेपछि विपक्षी दलको आँखा खुलेजस्तो भएको छाकाङ्ग्रेस सभापतिको भनाई- ' हामीले सरकारलाई बारम्बार भनिरहेका छौं- सुशासनका लागि सरकारले के गर्न चाहेको हो, त्यसका लागि हामी सहयोग गर्छौं,' थापाले भने, 'तर सरकार यी सबै सुधारका विषय छोडेर मान्छे समात्न मात्र पछि परिरहेको छ । यो वेलामा देशलाई विश्वास चाहिएको छ, डर होइन भरोसा चाहिएको छा यति धेरै गज्जागोल बनाएर कहिँकतै सुधार गर्न सकिन्न ।' पत्रकारहरूको कार्यालयमा भएको अनधिकृत प्रवेश र धरपकडलाई विषयान्तर गर्न खोजिएको भन्दै उनले कडा आपत्ति जनाए ।

'पत्रकारहरूको अफिसमा पसेर अनधिकृत काम गर्ने अनि पछि त्यो विषयलाई पन्छाउने र विषयान्तर गर्ने काम हामीलाई मान्य छैन,' उनले भने, 'यसको दोषी को हो ? हामीलाई स्पष्ट परिणाम चाहिन्छ । कानुन उल्लङ्घन गरेर स्वेच्छाचारिता देखाउन पाइँदैन । कानुन विपरीत काम हुँदैन भन्ने कुरा परिणाममा देखिनुपर्छ ।' छुटाउनुभयो कि ? सभापति गगन थापाले भने- सरकारको स्वेच्छाचारिताले हद नाघ्यो, वक्तव्य होइन परिणाम चाहिन्छ हामीले जे बोल्यौं त्यो नै हुकुम हो भन्ने सरकारको सोच चिन्ताजनक :सभापति गगन थापा 'कर्मचारीले गल्ती गरे प्रधानमन्त्री कार्यालयमा बोलाएर थुन्ने होइन, विधिपूर्वक कारबाही गर्ने हो' सभापति गगन थापाले भने- सरकारको स्वेच्छाचारिताले हद नाघ्यो, वक्तव्य होइन परिणाम चाहिन्छ राज्यका संयन्त्रहरू निष्पक्ष हुनुपर्नेमा जोड दिँदै उनले अनुसन्धान पूर्वाग्रही हुन नहुने बताए । 'अनुसन्धान 'सेलेक्टिभ' (छानीछानी) हुनु हुँदैन । शासन चलाउने व्यक्तिले अनुसन्धानलाई आफू अनुकूल बनाउने विषय लोकतन्त्रमा मान्य हुन सक्दैन,' थापाले थपे, 'संवैधानिक निकायहरू पूर्ण रूपमा निष्पक्ष हुनुपर्छ। जहाँ अनियमितता भएको छ, त्यहाँ निष्पक्ष ढङ्गबाट छानबिन हुनुपर्छ ।' सरकार आफ्नो मूल दायित्वबाट विमुख भएको टिप्पणी गर्दै थापाले तत्काल विपद् प्रभावितहरूको घाउमा मलम लगाउन आग्रह गरे ।

'सरकारको सम्पूर्ण ध्यान र फोकस यतिखेर विपद्मा परेका नागरिकको पुनर्स्थापना र राहतमा लाग्नुपर्ने हो,' उनले भने, 'प्रमुख प्रतिपक्षी दलको रूपमा जनताले कांग्रेसलाई म्यान्डेट दिएका छन् भन्ने विषय सरकारले राम्रोसँग बुझोस् ।' काङ्ग्रेस प्रतिपक्षी बन्न सक्दैन कि भन्ने अन्योल आइतबारको पत्रकार सम्मेलनले हटाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिएका जनता पनि सरकारको कार्यशैली रुचाएका छैनन् । काङ्ग्रेस, एमाले र नेकपालाई सबक सिकाउन रास्वपालाई मत दिएकाहरुलाई आ-आफ्नै पार्टीमा फर्काउन जनताले भोगेका सास्ती र पीडालाई बुझेर सदन र सडकबाट आवाज उठाउनुपर्छ। त्यसका लागि संसदमा भएका र संसदमा नभएका सम्पूर्ण प्रतिपक्षीलाई समेटेर लान सकेमा व्यवहारिक रुपमा काङ्ग्रेस प्रमुख प्रतिपक्षी दल बन्नेछ ।

तपाईको आज

मेष	: शारीरिक झमेला	तुला	: स्वास्थ्यमा सुधार
वृष	: सत्कार मिल्नेछ	वृश्चिक	: शुभ यात्रा
मिथुन	: मानसिक तनाब	धनु	: आर्थिक समस्या
ककर्ट	: सहयोग मिल्नेछ	मकर	: शत्रुको भय
सिंह	: ब्यापारमा लाभ	कुम्भ	: कार्यमा सफलता
कन्या	: झमेला बढ्ने	मीन	: अप्रत्यसित लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

मुस्ताङ भन्सारबाट ११ अर्ब ४५ करोड राजस्व उठ्यो

पोखरापत्र संवाददाता
मुस्ताङ, १५ कार्तिक

नेपाल-चीन उत्तरी कोरलानाकास्थित मुस्ताङ भन्सार कार्यालयले चालु आर्थिक वर्षको साढे तीन महिनामा रु ११ अर्ब ४५ करोड ४७ लाख राजस्व सङ्कलन गरेको छ ।

चालु आव २०८३/८४ का लागि मुस्ताङ भन्सार कार्यालयको लक्ष्य नौ अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य रहे पनि साढे तीन महिना नबित्दै मुस्ताङ भन्सारले लक्ष्यभन्दा बढी रु दुई अर्ब ४५ करोड ४७ लाख भन्सार राजस्व सङ्कलन गर्न सफल भएको छ । भन्सार अधिकृत अमिन्द्र सिंहका अनुसार चालु वर्षको साउनदेखि कात्तिक १३ गतेसम्मको अवधिमा कोरलानाकाबाट रु २६ अर्ब एक करोड २३ लाख मूल्यबराबरको मालवस्तु आयात भएको जानकारी दिनुभयो । त्यसैगरी, नेपालबाट भने रु २८ करोड ६३ लाख मूल्यबराबरको मालवस्तु चीनतर्फ निकासी भएको छ । यस अवधिमा मुस्ताङ भन्सार कार्यालयमा चीनबाट आयात गरिएका विभिन्न कम्पनीका छ हजार ५०१ वटा विद्युती सवारीसाधन (ईभी)को भन्सार जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरेको भन्सार अधिकृत सिंहले जानकारी दिनुभयो । गत वर्ष मुस्ताङ भन्सारले रु छ अर्ब ९२ करोड राजस्व सङ्कलन गरेको थियो । दसैँअघि असोज २७ गतेसम्म कार्यालयले रु आठ अर्ब ३२ करोड ८३ लाख राजस्व सङ्कलन गरेकामा दसैँपछि भने थप रु तीन अर्ब १२ करोड ६४ लाख राजस्व सङ्कलन गरेको भन्सार अधिकृत सिंहले बताउनुभयो । दसैँअघि कोरलानाकाबाट रु १० अर्ब ४० करोड ६९ लाखबराबरका चिनियाँ मालवस्तु कोरलानाका हुँदै नेपालतर्फ आयात भएकामा दसैँपछि भने थप रु छ अर्ब ७० करोड ५४ लाख मूल्यबराबरको चिनियाँ मालवस्तु नेपालतर्फ आयात भएको मुस्ताङ भन्सार कार्यालयले उल्लेख गरेको छ ।

त्यसैगरी, चालु वर्षको साउनदेखि असोज २७ गतेसम्म कोरलानाकाबाट तीन हजार ९२६ वटा बिद्युतीय सवारीसाधन नेपाल भित्रिएकामा दसैँपछिको १५ दिनमा थप दुई हजार ५७५ वटा विद्युतीय सवारीको भन्सार जाँचपास भएको भन्सार अधिकृत सिंहले जानकारी दिनुभयो । उहाँका अनुसार रसुवागढीनाका र तातोपानीनाका पूर्ण रूपमा बन्द हुँदा कोरलानातर्फको निकासी तथा पैठारी कारोबार बढेको छ। रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढी घटनापछि त्यहाँबाट मार्ग परिवर्तन भई सयौं कन्टेनरका मालवस्तु कोरलानाकाबाट पैठारी भएको हो ।

चीनतर्फको एकमात्रै वैकल्पिक नाकाका रूपमा स्थापित भइरहेको कोरलानाका हुँदै चीनबाट तयारी पोसाक, कस्मेटिक सामान, इलेक्ट्रोनिक उपकरण, औधोगिक कच्चा पदार्थ खाद्यान्न, फलफूल, दसैँतिहारजस्ता चाडपर्व लक्षित सामग्रीका साथै विद्युतीय सवारी नेपालतर्फ पैठारी भइरहेको छ । नेपाल-चीन उत्तरी कोरलानाका गत वर्षको भदौ ३१ गते सरकारले पूर्ण रूपमा सञ्चालनमा ल्याएको थियो ।

देशभर ४३ विपद्का घटना, १३ जना घाइते

रासस
काठमाडौं, १५ कार्तिक

देशभर पछिल्लो केही दिनमा भएका ४३ वटा विपद् का घटनामा परी १३ जना घाइते भएका छन् । ती घटनाबाट तीन चौपायामा क्षति पुग्नुका साथै रु नौ लाख ४० हजार बराबरको आर्थिक क्षति भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार देशका विभिन्न स्थानमा सर्पदंश, आगलागी, बाढी, पहिरो, अविरल वर्षा, हिमपात र जनावरको आक्रमणका घटना भएका हुन् ।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव रामबहादुर केसीका अनुसार सबैभन्दा बढी पहिरोका १७ घटना भएका छन् । त्यस्तै अविरल वर्षाका सात, आगलागी र बाढीका पाँच-पाँच, सर्पदंश र जनावरको आक्रमणका चार-चार तथा हिमपातको एउटा घटना भएका उहाँले जानकारी दिनुभयो ।

विपद्मा परी घाइते भएकामध्ये केहीको स्थानीय अस्पतालमा उपचार भइरहेको छ भने केहीलाई थप उपचारका लागि अन्य जिल्लाका अस्पतालमा पठाइएको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार प्रभावित क्षेत्रमा उद्धार, राहत तथा व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको छ । विपद्का घटनाबाट भएको जनधनको क्षतिको थप विवरण सङ्कलन गर्ने कार्यसमेत जारी छ । प्राधिकरणले सम्भावित विपद्को जोखिमबाट बच्न अनावश्यक जोखिम नलिन, आधिकारिक निकायबाट जारी सूचना तथा निर्देशन पालना गर्न र आवश्यक पूर्वतयारीमा रहन सर्वसाधारणलाई आग्रह गरेको छ ।

भद्रकाली सहकारीको आठौं वार्षिक साधारण सभा



पोखरापत्र संवाददाता
पोखरा, १५ कार्तिक

पोखरा १३ भद्रकालीमा रहेको भद्रकाली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आठौं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

साधारण सभाका प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका महासचिव दीपक प्रकाश आचार्यले सहकारीले गरेका कामको प्रशंसा गर्दै आगामी दिनमा उत्पादनमुखी क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिए । साधारण सभामा संस्थाका अध्यक्ष बाबुराम सापकोटाले सहकारीलाई सदस्यहरूको आर्थिक तथा सामाजिक समृद्धिको भरपर्दो आधारका रूपमा विकास गर्ने लक्ष्यसहित संस्था अघि बढिरहेको बताए । उनले सदस्यहरूको बचत सुरक्षालाई प्राथमिकतामा राख्दै सहकारीको आर्थिक अवस्था सुदृढ बनाउने, पारदर्शिता र सुशासन कायम गर्ने तथा सदस्यहरूलाई प्रभावकारी वित्तीय सेवा प्रदान गर्ने दिशामा संस्था प्रतिबद्ध रहेको उल्लेख गरे । कार्यक्रममा संस्थाका सचिव नीलकण्ठ सिग्देलले सञ्चालन गरेका थिए भने समिति सदस्य एवं महिला तथा बालबालिका उपसमिति संयोजक बिनु कुमारी गुरुङले स्वागत मन्तव्य राखेकी थिइन् । त्यसैगरी शिक्षा उपसमिति संयोजक सत्यदेवी रेग्मी खनालले सहकारीका सात सिद्धान्त वाचन गरेकी थिइन् । साधारण सभामा संस्थाका सल्लाहकार नरबहादुर गुरुङ, निवर्तमान अध्यक्ष डा. दीपकराम सुवेदी तथा संस्थापक अध्यक्ष किरणराज घिमिरे, स्थानिय शिक्षाबिद् राजेन्द्रराज भण्डारी लगायतले शुभकामना मन्तव्य राख्दै सहकारी संस्थाको विकास, संस्थागत सुशासन र सदस्यहरूको आर्थिक तथा सामाजिक समृद्धिका लागि सहकार्य र एकताको आवश्यकता औंल्याएका थिए । साधारण सभाको अवसरमा संस्थाले विभिन्न विधामा योगदान पुऱ्याउने शेयर सदस्य तथा संस्थालाई सम्मान समेत गरेको छ। सम्मानित हुनेहरूमा ज्येष्ठ शेयर सदस्य चिनमाया श्रेष्ठ, उत्कृष्ट बचतकर्ता तर्फ विष्णुभक्त गुरुङ, असल ऋणीका रूपमा विकास श्रेष्ठ र मासिक बचतकर्ताका रूपमा सनबहादुर गुरुङ रहेका छन् । त्यसैगरी संस्थामा हेल्प डेस्क स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग पुऱ्याएको भन्दै मेडी प्लस हस्पिटल एण्ड ट्रमा सेन्टरका कर्मचारीहरूलाई समेत सम्मान गरिएको थियो । साधारण सभाले संस्थाका विभिन्न वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गरेको छ । कार्यक्रममा शेयर सदस्य, सञ्चालक समिति, विभिन्न उपसमितिका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

बेनी-दरबाङ सडक सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, १५ कार्तिक

म्याग्दीको पश्चिमी भेगका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी-दरवाङ सडक एक दिनपछि आइतबार दिउँसोदेखि सञ्चालनमा आएको छ ।

बेनी-नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमानामा रहेको फापरखेतमा शुक्रबार राति पहिरो खसेपछि २४ किलोमिटर दूरीको सडकमा सिधा यातायात सञ्चालन बन्द भएको थियो । पूर्वाधार विकास कार्यालय म्याग्दीले ब्याकुहोलोडर परिचालन गरेर पहिरो पन्छाएपछि यातायातका साधन सञ्चालन हुन थालेका हुन् ।

पहिरो पन्छाउने जिम्मा लिएको मङ्गला कन्ट्रक्सनका प्रतिनिधि चक्रलाल पाण्डेले तत्काललाई मर्मत गरे पनि निरन्तर पहिरो खस्ने भएकाले जुनसुकै समयमा आवागमन अवरुद्ध हुने जोखिम रहेको बताउनुभयो ।

बेनी-दरवाङ म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने लाइफलाइनमानिन्छ।फापरखेतमा विसं २०५८ मा सडकको मार्ग खोल्नुअघि देखिकै पहिरो रोकथामको प्रयास भए पनि सफल हुन सकेको छैन । पछिल्लो पटक यसअघि खस्नेभन्दा फरक ठाउँमा पहाडको ढिस्को चर्किएर पहिरो खस्न थालेकाले आवतजावत गर्न जोखिम देखिएको छ ।

बज्र इनर्जी भेन्चर्स प्रा. लि. द्वारा प्रस्तावित बज्र मादी जलविद्युत आयोजना, (३१ मे. वा.) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०७/१६)

यस बज्र इनर्जी भेन्चर्स प्रा. लि. द्वारा गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ३, ४, ५, ७, ११, १२ र पोखरा महानगरपालिका वडा नं. २८ मा पर्ने मादी खोलाको पानीलाई प्रयोग गरी ३१ मे.वा. जडित क्षमता भएको बज्र मादी जलविद्युत आयोजना निर्माणका लागि प्रस्ताव गरिएको छ । यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मिति २०७७/०७/२६ गते वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) द्वारा स्वीकृत भइसकेको छ ।

यस आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको भन्दा कुनैपनि संरचना अन्नपूर्ण संरक्षण क्षेत्र भित्र नपर्ने गरी -८४°०४'००"-८४°०७'४५" र २८°१२'५०"-२८°१५'३७" सम्मको क्षेत्र थप हुने, आयोजनाको डिजाइन डिस्चार्जमा परिवर्तन हुन गइ जडित क्षमता २४.८ मे.वा. बाट ३१ मे.वा. मा वृद्धि हुने र संरचनाहरुको डिजाईन परिवर्तन एवं स्थानान्तरण हुने हुँदा सोही बमोजिम कृषि, वन तथा पर्यावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३/०६/०२ गतेको निर्णयानुसार पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सहमति र विद्युत विकास विभागको मिति २०८२/०३/२४ गतेको विभागीय निर्णयानुसार आयोजनाको संरचनाहरू परिवर्तनको लागि सैद्धान्तिक सहमति प्राप्त गरिएको छ । सो अनुसार प्रस्तावित आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न लागिएको छ ।

उक्त आयोजना कार्यान्वयन गर्नुपर्ने भएकाले स्थानीय सरोकारवालाहरु, सरकारी कार्यालय, संघ/ संस्था तथा व्यक्तिगत राय/ सुझाव प्राप्त गर्ने उद्देश्यले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त कार्यक्रममा सम्बन्धित संघ/ संस्था र सर्वसाधारणको उपस्थितिको लागि आमन्त्रण गरिएको छ । आयोजना कार्यान्वयनका कारण प्रभावित घरधुरीहरूको विवरण/सूची प्रभावित वडा कार्यालयमा टाँस गरिएको छ ।

कार्यक्रम सञ्चालन हुने

मिति	स्थान	समय
२०८३/०७/२७	मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, याङ्जाकोटको सभा हल	बिहान १०:०० बजे
२०८३/०७/२७	मादी गाउँपालिका वडा नं. ११ बज्र मादी जलविद्युत आयोजनाको प्रस्तावित विद्युतगृह रहने स्थान बार्हबिसे (पोखरा महानगरपालिका वाड नं. २८ समेतलाई समेट्ने गरि)	दिउसौं २:०० बजे

प्रस्तावकः बज्र इनर्जी भेन्चर्स प्रा. लि.
ठेगानाः वि.पि.सि. बिल्डिङ्ग, बुद्धनगर, काठमाडौं
फोन नं. : ०१-५९०५८९०, ९८५७०२३९५३

पोखरा-२९ स्थित आदर्श युवा क्लबको अध्यक्षमा हमाल

पोखरापत्र संवाददाता
पोखरा, १५ कार्तिक



पोखरा महानगरपालिका वडा नं २९ को भण्डारढिकस्थित आदर्श युवा क्लबको अध्यक्षमा विष्णु हमाल सर्वसम्मत चयन भएका छन् ।

क्लबको २९ औं साधारणसभा तथा १४ औं अधिवेशन अन्तर्गत आइतवार नयाँ नेतृत्व चयनका क्रममा उनी अध्यक्षमा चयन भएका हुन् । यसैगरी समितिको उपाध्यक्षमा सन्तोष गुरुङ सचिवमा ओमप्रसाद कुमाल कोषाध्यक्षमा कृष्ण कुमाल सहसचिवमा राजीव भण्डारी चयन भएका छन् । सदस्यहरूमा भीषण गुरुङ, राहुल गुरुङ, बेलप्रसाद गुरुङ, सञ्जय कुमाल, सुवास गुरुङ र जीवन तामाङ चयन भएका छन्। कार्यसमिति सर्वसम्मत रुपमा चयन भएको निर्वाचन संयोजक मदन तिवारीले बताए । यसअघि कार्यक्रममा प्रमुख आमन्त्रित व्यक्तित्वका रूपमा बोल्दै पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवम् वडा नम्बर २९ की सदस्य निर्मला पौडेलले मिलेर हातेमालो गर्दै अगाडि बढ्न आग्रह गरिन् । उनले क्लबमा आउने पदाधिकारीहरूले निस्वार्थ रुपमा समाजसेवामा जुट्न आग्रह गरिन् । कार्यक्रममा अध्यक्ष पदम गुरुङ र सचिव सन्तोष गुरुङको वार्षिक प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष विष्णु हमालको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरिएका थिए । अध्यक्ष पदम गुरुङको अध्यक्षतामा सम्पन्न साधारण सभामा लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य छत्रधर आत्रेय, गण्डकी ट्रक व्यवसायी समिति का अध्यक्ष सुरेन्द्र त्रिपाठी , क्लबका स्थापनाकालीन अध्यक्ष चेतबहादुर गुरुङ भण्डारढिक टोल विकास संस्थाका अध्यक्ष अरुण गुरुङ, क्लबका पूर्व अध्यक्ष विजय गुरुङ, निर्माण व्यवसायी समिति लेखनाथका अध्यक्ष भीमबहादुर नेपाली, लगायतले शुभकामना मन्तव्य दिँदै क्लबको सक्रियतामा आदर्श क्लबको पहिचान बनेको आदर्श क्लबको पहिचान बनेको फुटबल खेलको निरन्तरता र खेल मैदानको स्तोन्नतिमा लाग्न आग्रह गरे । वक्ताहरुले अलपत्र रूपमा रहेको कबर्ड हल अगाडि बढाउनका लागि विशेष पहल गर्नुपर्नेमा जोड दिएका थिए। खुल्ला व्यायामशाला र बास्केटबलकोट निर्माण सम्पन्न भएर पनि संरक्षण हुन नसकेकामा चिन्ता समेत व्यक्त गरिएको थिया । क्लबका अध्यक्ष पदम गुरुङले स्वागत गरेको कार्यक्रम सचिव सन्तोष गुरुङले सञ्चालन गरेका थिए ।



परम्परागत घर : परम्परागत घर रहेको बागलुङ नगरपालिका-८ सिगाना स्थित लामिचौर गाउँ र आसपासको दृश्य । लामिचौर गाउँमा झण्डै २०० घर दुङ्गाको छानोले छाएका छन् । तस्बिर खेमराज गौतम/रासस

पोखरा एभेन्जर्सविरुद्ध जनकपुर बोल्ट्सको जित

रासस
काठमाडौं, १५ कार्तिक

काठमाडौंमा जारी तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेट प्रतियोगितामा जनकपुर बोल्ट्सले लगातार दोस्रो जित निकालेको छ । दोस्रो जित दर्ता गर्नेक्रममा जनकपुर बोल्ट्सले आज सम्पन्न खेलमा पोखरा एभेन्जर्सलाई नौ रनले हरायो ।

पोखराले भने प्रतियोगितामा हारको शृङ्खला तोड्न सकेको छैन। पोखरा पहिलो खेलमा सुदूरपश्चिम रोयल्ससँग पनि पराजित भएको थियो । आफ्नो दोस्रो खेलमा जनकपुरबाट प्राप्त १४८ रनको लक्ष्य पछ्याएको पोखराले निर्धारित २० ओभरमा नौ गुमाएर १३८ रन बनायो । पोखराका लागि कुशल भूर्तेलले २४ बलमा पाँच चौकासहित सर्वाधिक ३५ रन बनाए । यस्तै, विपिन आचार्यले २०, विपिन खत्रीले अविजित १७ र किरण ठगुन्नाले १५ रन बनाए । बाँकी ब्याटरले भने दोहोरो अङ्कमा पनि रन जोड्न सकेनन् ।

बलिङतर्फ जनकपुर बोल्ट्सका लागि मोइन अलीले चार ओभरमा एक मेडनसहित १३ रन दिएर सर्वाधिक तीन विकेट लिए । यस्तै, हरमित सिंह र सैफ हसनले समान दुई-दुई तथा जिमी निशम र ललितनारायण राजवंशीले एक-एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको जनकपुरले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १४७ रन बनायो । जनकपुरका लागि प्रारम्भिक ब्याटर तृतराज दासले अर्धशतकीय इनिङ खेले । उनले ५५ बलमा सात चौका र दुई छक्काको मद्दतमा ६१ रनको इनिङ खेलेका हुन् । जारी एनपिएल करिअरमा तृतराजको यो पहिलो अर्धशतक हो । यस्तै, मोइन अलीले १६ बलमा तीन चौका र एक छक्कासहित २१ रन बनाए । अविजित रहेका अभिषेक तिवारीले १० बलमा २ छक्का र १ चौकासहित २४ रनको उत्कृष्ट पारी खेले । जिमी निशम ११ रनमा आउट भए । बलिङतर्फ पोखरा एभेन्जर्सका लागि शाकिब अल हसनले चार ओभरमा १५ रन दिएर सर्वाधिक तीन विकेट लिए ।

यस्तै, चमिका करुणारत्नेले दुई, मेहदी हसन र मोहम्मद सैफउद्दिनले समान एक-एक विकेट हात पारे । आजको जितपछि जनकपुर अङ्क तालिकाको दोस्रो स्थानमा उक्लिएको छ। उसले तीन खेलबाट चार अङ्क जोडेको छ । अङ्कविहीन पोखरा भने तालिकाको पुछारमा रहेको छ।

पहिरोका कारण मङ्गलामा १६६ परिवार प्रभावित

पोखरापत्र संवाददाता
म्याग्दी, १५ कार्तिक

गत असोज महिनाको दोस्रो साता परेको निरन्तरको झरीपछिको विपद्का कारण म्याग्दीको मङ्गला गाउँपालिकामा १६६ परिवार प्रभावित भएका छन् ।

गाउँपालिकाले सङ्कलन गरेको विवरणअनुसार पाँच वटा वडा रहेको मङ्गलामा १७ घरमा पूर्ण क्षति, ७७ घरमा उच्च र ७२ घर जोखिममा परेका हुन् ।

पहिरो, बाढी र कटानका कारण क्षति पुगेका परिवारलाई अस्थायी बसोबास, राहत वितरण, क्षतिको विवरण सङ्कलन र प्रहरी मुचुल्का तयार पारी पुनःनिर्माण, प्रवलीकरण र पुनःस्थापनाको प्रक्रिया अघि बढाइएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले जानकारी दिनुभयो । उहाँका अनुसार मङ्गला-५ छिसवाङ, वडा नं. २ को भाइवाङ र वडा नं. ४ को महेशलाई जोखिमयुक्त बस्तीका रूपमा नक्साङ्कन गरिएको छ।


विपद्का कारण ५७२ रोपनी खेतबारीमा क्षति पुगेको छ भने १२ वटा गोठ पूर्ण र १८ वटामा आंशिक क्षति पुगेको उहाँले जानकारी दिनुभयो । अध्यक्ष रोकाका अनुसार एक-एक वटा ग्रिनहाउस र पोखरीमा क्षति पुगेको छ । घरवास गुमाएका र विस्थापितहरूलाई सुरक्षित गाउँमा रहेका आफन्त तथा छिमेकीका घरमा व्यवस्थापन गरिएको मङ्गला-३ का कार्यवाहक वडाध्यक्ष भेषकुमारी पुनले बताउनुभयो । उहाँका अनुसार मङ्गलामा रहेका २० वटा सडक पहिरोले क्षतिग्रस्त भएका छन् । सिँचाइ र खानेपानी आयोजनामा पुगेको क्षतिको विवरण सङ्कलन भइरहेको गाउँपालिकाले जनाएको छ । छिसवाङ, सहस्रधारा, तोराखेत र सेराफाँट क्षेत्रमा म्याग्दी नदीले कटान गरेर जोखिम बनाएको छ।

पहिरोका कारण विस्थापित भएका मङ्गला-३ बरङ्जाका गङ्गाप्रसाद पुर्जाले पुनःनिर्माणको प्रतीक्षामा रहेको बताउनुभयो ।

अर्का विस्थापित सुकमाया पुर्जाले बस्तीमाथिको सडकबाट आएको भलका कारण पहिरोबाट विस्थापित भएर गोठमा बस्नुपरेको बताउनुभयो । आरवाङकाकृष्णलालसापकोटाले तत्काल बस्ती संरक्षण र पहिरो नियन्त्रणको काम नगरे आगामी बर्खामा थप क्षति हुने बताउनुभयो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् भुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



स्व. जगन्नाथ सिग्देल

जन्म: वि. सं. १९९३/०६/१०

स्वर्गारोहण: वि. सं. २०८३/०७/१०

हाम्रा आत्मीय सहपाठी सुनिता सिग्देल पराजुली एवम् दिदीहरु भगवती, तारा, सरु, बहिनी सरिता, दाजु प्रकाश र भाइ सुनिलका पुजनीय पिता तथा आमा तुलसादेवीका पति **जगन्नाथ सिग्देल**को ९० वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहित एवम् स्तब्ध भएका छौं । यस दु:खद क्षणको आज ७ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी श्री भगवानसँग प्रार्थना गर्दै **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

पूर्ण बहादुर कार्की, शोभाकान्त सिग्देल, तिलकुमारी कार्की, शिवजी बराल, अनिता श्रेष्ठ, हेम बहादुर गुरुङ
जित गुरुङ, श्याम कार्की, निला गुरुङ, चन्द्रा बराल, धिरज ढेवाजू, महेन्द्र गुरुङ
विश्वज्योति घिमिरे, रामचन्द्र कार्की, संगिता थापा, तिलक कार्की, पदम कुमार श्रेष्ठ, झलक गुरुङ
सुमन श्रेष्ठ, अर्पना बराल, दिलकुमारी गुरुङ, विन्दु बराल, शेमकाशी गुरुङ, हरिमाया गुरुङ
शेरजंग गुरुङ, उमा बराल, टौमाया गुरुङ, इन्द्र कुमारी गुरुङ, राजकुमार श्रेष्ठ, रमा कार्की
मेघनाथ दाहाल, सरोजा सिग्देल, अमिता श्रेष्ठ, सविता गौतम, विनोद श्रेष्ठ

भद्रकाली माध्यामिक विद्यालय एसएलसी समूह-२०५० कुँडहर, पोखरा